# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**

- *वार्षिक औसत मुद्रास्फीति ६.३२ प्रतिशत रहेको छ।*
- *आयात २४.७ प्रतिशतले र निर्यात ४१.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष आयात २८.७ प्रतिशतले र निर्यात ४४.४ प्रतिशतले बढेको थियो।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ४.८ प्रतिशत र अमेरिकी डलरमा २.२ प्रतिशतले बढेको छ।*
- *शोधनान्तर स्थिति रु.२५५ अर्ब २६ करोडले घाटामा छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको थियो।*
- *कुल विदेशी विनिमय सञ्चिति ९ अर्ब ५४ करोड अमेरिकी डलर रहेको छ। उक्त सञ्चिति ६.९४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।*
- *विस्तृत मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको छ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ९.० प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेको छ।*
- *२०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कुल निक्षेप रु.५० खर्ब ८३ अर्ब र निजी क्षेत्रमा प्रवाहित कर्जा रु.४६ खर्ब २१ अर्ब पुगेको छ।*

## वास्तविक क्षेत्र

१. केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ५.८४ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ। कृषि क्षेत्रको वृद्धि २.३० प्रतिशत, उद्योग क्षेत्रको १०.१९ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ५.९३ प्रतिशत रहेको अनुमान छ।

२. आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २३.९५ प्रतिशत, १४.२९ प्रतिशत र ६१.७६ प्रतिशत रहेको छ (तालिका १)।

३. आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ९.२७ प्रतिशत पुगेको छ। कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २९.३७ प्रतिशत र ३१.९५ प्रतिशत रहेको छ।

४. आर्थिक वर्ष २०७८/७९ मा कुल विद्युतको जडित क्षमता वृद्धि भई २१८९.६ मेगावाट पुगेको छ। जसमध्ये जलविद्युत २०७५.४ मेगावाट, सोलार ५४.८ मेगावाट, कोजेनेरेसन ६.० मेगावाट र थर्मल ५३.४ मेगावाट विद्युत जडित क्षमता रहेको छ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**

| क्षेत्र | २०७६/७७ | २०७७/७८ सं | २०७८/७९ प्रा. |
|---|---|---|---|
| कृषि* | २५.१६ | २४.९० | २३.९५ |
| उद्योग | १३.६६ | १३.६९ | १४.२९ |
| सेवा | ६१.१८ | ६१.४१ | ६१.७६ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **–२.३७** | **४.२५** | **५.८४** |
| कृषि* | २.४३ | २.८५ | २.३० |
| उद्योग | –४.०२ | ४.५१ | १०.१९ |
| सेवा | –४.५३ | ४.१९ | ५.९३ |

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*


५. आर्थिक वर्ष २०७८/७९ मा कुल पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि भएको छ। समीक्षा वर्षमा आगमन पर्यटक संख्या ३,७०,९०६ रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा उक्त संख्या ७०,१२३ रहेको थियो ।

# मुद्रास्फीति

## उपभोक्ता मुद्रास्फीति

६. २०७९ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ । २०७८ असार महिनामा यस्तो मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो ।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति




७. विश्वव्यापी रुपमा भएको इन्धन तथा खाद्य वस्तुको मूल्यवृद्धि, आपूर्ति प्रणालीमा आएको व्यवधान तथा नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएका कारणले आर्थिक वर्ष २०७८/७९ का पछिल्ला महिनाहरुमा मुद्रास्फीतिमा चाप रहन पुग्यो । यद्यपि आर्थिक वर्ष २०७८/७९ को शुरुवाती महिनाहरुमा न्यून मुद्रास्फीति रहेको कारण वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.३२ प्रतिशतमा सीमित रहयो । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.६० प्रतिशत रहेको थियो ।

८. अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, दाल तथा गेडागुडी, सुर्तीजन्य पदार्थ र मदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि क्रमशः २६.१३ प्रतिशत, ९.९२ प्रतिशत, ९.८४ प्रतिशत र ८.५७ प्रतिशत रहेको छ ।

९. साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा, फर्निसिङ्ग तथा घरायसी उपकरणहरु र मनोरञ्जन तथा संस्कृति उपसमूहको मुद्रास्फीति क्रमशः १५.८२ प्रतिशत, ८.७८ प्रतिशत, ७.०९ प्रतिशत र ६.६८ प्रतिशत रहेको छ ।

तालिका २ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति

| विवरण | प्रतिशत | |
|---|---|---|
| | २०७७/७८ | २०७८/७९ |
| **समग्र मुद्रास्फीति** | **३.६०** | **६.३२** |
| *खाद्य तथा पेय पदार्थ* | ५.०० | ५.६९ |
| *गैर-खाद्य तथा सेवा* | २.५१ | ६.८३ |

## खाद्य तथा पेय पदार्थ मुद्रास्फीति

१०. आर्थिक वर्ष २०७८/७९ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ५.६९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति ५.०० प्रतिशत रहेको थियो । २०७९ असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत मुद्रास्फीति भने ६.८९ प्रतिशत रहेको छ । २०७८ असार महिनामा यस्तो मुद्रास्फीति ५.८१ प्रतिशत रहेको थियो ।

## गैर-खाद्य तथा सेवा मुद्रास्फीति

११. आर्थिक वर्ष २०७८/७९ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ६.८३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति २.५१ प्रतिशत रहेको थियो । २०७९ असार महिनामा गैर-खाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत मुद्रास्फीति ९.०३ प्रतिशत रहेको छ । २०७८ असार महिनामा यस्तो मुद्रास्फीति २.९४ प्रतिशत रहेको थियो ।

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

१२. आर्थिक वर्ष २०७८/७९ मा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ५.७३ प्रतिशत, तराईमा ६.४१ प्रतिशत, पहाडमा ६.८७ प्रतिशत र हिमालमा ६.०७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति क्रमशः ३.३३ प्रतिशत, ३.६८ प्रतिशत, ३.८७ प्रतिशत र २.८७ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१३. २०७९ असार महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। सन् २०२२ जुलाई महिनामा भारतको यस्तो मुद्रास्फीति ६.७१ प्रतिशत रहेको छ।

### थोक मुद्रास्फीति

१४. आर्थिक वर्ष २०७८/७९ मा वार्षिक औसत थोक मुद्रास्फीति ९.५१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ७.६१ प्रतिशत रहेको थियो।

१५. २०७९ असार महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १२.७४ प्रतिशत रहेको छ। २०७८ असार महिनामा यस्तो मुद्रास्फीति ८.२१ प्रतिशत रहेको थियो।

### तलव तथा ज्यालादर सूचकाङ्क

१६. आर्थिक वर्ष २०७८/७९ मा वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क ६.६५ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो आर्थिक वर्ष यस्तो सूचकाङ्क १.६० प्रतिशतले वृद्धि भएको थियो।


१७. २०७९ असार महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ९.०९ प्रतिशतले वृद्धि भएको छ। २०७८ असार महिनामा यस्तो सूचकाङ्क २.७६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः ९.४४ प्रतिशत र ८.९९ प्रतिशतले वृद्धि भएको छ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१८. आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४१.७ प्रतिशतले वृद्धि भई रु.२०० अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ४५.९ प्रतिशत र ३०.४ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात २०.४ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा पाम तेल, ऊनी गलैंचा, धागो (पोलिष्टर तथा अन्य), जिंक शिट, जुस लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, अलैंची, चिया, औषधी (आयुर्वेदिक), तार लगायतका वस्तुको निर्यात घटेको छ।

**चार्ट २: वैदेशिक व्यापार (वार्षिक)**




१९. समीक्षा वर्षमा कुल वस्तु आयात २४.७ प्रतिशतले वृद्धि भई रु.१९२० अर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात २८.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २३.५ प्रतिशत, १३.२ प्रतिशत र ३६.३ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, स्पंज आइरन, सुन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.विलेट, सिमेन्ट, धान तथा चामल, दाल, मेडिकल उपकरण लगायतका वस्तुको आयात घटेको छ।

२०. निर्याततर्फ कन्चनपुर भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात समीक्षा वर्षमा वृद्धि भएको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

२१. समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा २३.० प्रतिशतले वृद्धि भई रु.१७२० अर्ब ४२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा २७.३ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात १०.४ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो ।

२२. समीक्षा वर्षमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.२१३ अर्ब ५३ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्ष यस्तो आयात रु.१९० अर्ब ५४ करोड बराबरको भएको थियो ।

**वैदेशिक व्यापारको संरचना**

२३. वृहत्त आर्थिक वर्गीकरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा भएको कुल निर्यातमा मध्यवर्ती र अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४७.५ प्रतिशत र ५२.४ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०४ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः २८.६ प्रतिशत, ०.४ प्रतिशत र ७१.१ प्रतिशत रहेको थियो ।

२४. समीक्षा वर्षमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५२.० प्रतिशत, पुँजीगत वस्तुको १०.१ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३७.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः ५३.४ प्रतिशत, १२.१ प्रतिशत र ३४.५ प्रतिशत रहेका थिए ।

**निर्यात-आयात मूल्य सूचकाङ्क**

२५. वार्षिक विन्दुगत आधारमा २०७९ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ९.३ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क २१.६ प्रतिशतले बढेको छ । २०७८ असार महिनामा ३.४ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७९ असार महिनामा १०.१ प्रतिशतले घटेको छ । समिक्षा वर्षमा व्यापारको शर्त ४.९ प्रतिशतले घटेको छ ।

**सेवा**

२६. आर्थिक वर्ष २०७८/७९ मा खुद सेवा आय रु.१०८ अर्ब १२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष खुद सेवा आय रु.७२ अर्ब ८५ करोडले घाटामा रहेको थियो ।

२७. समीक्षा वर्षमा सेवा खाता अन्तर्गत भ्रमण आय ३४६.५ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय रु.७ अर्ब २७ करोड रहेको थियो ।

२८. समीक्षा वर्षमा सेवा खाता अन्तर्गत भ्रमण व्यय १९६.७ प्रतिशतले वृद्धि भई रु.९७ अर्ब ३२ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.६७ अर्ब ७० करोड रहेको छ । अघिल्लो वर्ष भ्रमण व्यय रु.३२ अर्ब ८० करोड रहेकोमा शिक्षातर्फको व्यय रु.२४ अर्ब ९६ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

२९. आर्थिक वर्ष २०७८/७९ मा विप्रेषण आप्रवाह ४.८ प्रतिशतले वृद्धि भई रु.१००७ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.२ प्रतिशतले वृद्धि भई ८ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ८.२ प्रतिशतले बढेको थियो ।

३०. समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई ३,५४,६६० पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ६२.८ प्रतिशतले घटेको थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा १९८.५ प्रतिशतले वृद्धि भई २,८२,४५३ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ४६.८ प्रतिशतले घटेको थियो ।

३१. समीक्षा वर्षमा खुद ट्रान्सफर ४.३ प्रतिशतले वृद्धि भई रु.१११७ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर ९.१ प्रतिशतले बढेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३२. आर्थिक वर्ष २०७८/७९ मा चालु खाता रु.६२३ अर्ब ३३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.३३३ अर्ब ६७ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब ८४ करोडले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा ५ अर्ब १७ करोडले घाटामा रहेको छ।


३३. समीक्षा वर्षमा पुँजीगत ट्रान्सफर ३४.५ प्रतिशतले कमी आई रु.९ अर्ब ९९ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४.९ प्रतिशतले कमी आई रु.१८ अर्ब ५६ करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.१५ अर्ब २६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१९ अर्ब ५१ करोड रहेको थियो।

३४. समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.२५५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३१ लाखले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा २ अर्ब १४ करोडले घाटामा रहेको छ।

## कुल विदेशी विनिमय सञ्चिति

३५. २०७८ असार मसान्तमा रु.१३९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १३.१ प्रतिशतले कमी आई २०७९ असार मसान्तमा रु.१२१५ अर्ब ८० करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७९ असार मसान्तमा १८.९ प्रतिशतले कमी आई ९ अर्ब ५४ करोड कायम भएको छ।

**चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (असार मसान्त)**




३६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु.१२४४ अर्ब ६३ करोड रहेकोमा २०७९ असार मसान्तमा १५.१ प्रतिशतले कमी आई रु.१०५६ अर्ब ३९ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु.१५४ अर्ब ३९ करोड रहेकोमा २०७९ असार मसान्तमा ३.२ प्रतिशतले वृद्धि भई रु.१५९ अर्ब ४१ करोड पुगेको छ। २०७९ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.६ प्रतिशत रहेको छ।

## सञ्चिति पर्याप्तता सूचक

३७. आर्थिक वर्ष २०७८/७९ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.८ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०७९ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २५.१ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका छन्। २०७८ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३२.७ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका थिए।

## बाह्य लगानी स्थिति

३८. २०७९ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.१३३० अर्ब ६५ करोड तथा दायित्व रु.१५८८ अर्ब २७ करोड रहेको छ। फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.२५७ अर्ब ६२ करोडले घाटामा रहेको छ। २०७८ असारमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.८० अर्ब १२ करोडले बचतमा रहेको थियो।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३९. अन्तर्राष्ट्रिय बजारमा २०७८ असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७४.५३ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७९ असार मसान्तमा ५०.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ११२.२६ पुगेको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७८ असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८२३.७५ रहेकोमा २०७९ असार मसान्तमा ६.४ प्रतिशतले कमी आई अमेरिकी डलर १७०६.१५ कायम भएको छ।

### विनिमय दर

४०. २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ६.६४ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्ष नेपाली रुपैयाँ १.१ प्रतिशतले अधिमूल्यन भएको थियो। २०७९ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२७.५१ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु.११९.०४ रहेको थियो।

## सरकारी वित्त स्थिति

### संघीय सरकार

### वित्त घाटा/बचत

४१. आर्थिक वर्ष २०७८/७९ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.२६० अर्ब १६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.२६२ अर्ब ६९ करोडले घाटामा रहेको थियो।

### खर्च तथा राजस्व

४२. नेपाल सरकार, अर्थमन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको कुल खर्च रु.११९६ अर्ब ६७ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा रु.१२९६ अर्ब २४ करोड रहेको छ। जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्च क्रमशः रु.९६१ अर्ब ४७ करोड, रु.२१६ अर्ब ३७ करोड र रु.११८ अर्ब ३९ करोड रहेको छ (अनुसूची-१५)।

४३. आर्थिक वर्ष २०७८/७९ मा राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.१०६७ अर्ब ९६ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.९३५ अर्ब ८९ करोड रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा अन्य प्राप्ति समेत गरी संघीय सरकारले रु.१११६ अर्ब ४२ करोड स्रोत परिचालन गरेको छ (अनुसूची-१५)।

### ऋण परिचालन

४४. आर्थिक वर्ष २०७८/७९ मा सरकारले रु.२३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु.४७ अर्ब ३३ करोड साँवा भुक्तानी गरेको छ। यस अवधिमा नेपाल सरकारले रु.१८३ अर्ब ९७ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको ३.८ प्रतिशत हुन आउँछ। यस अवधिमा सरकारले रु.१२२ अर्ब २ करोड वाह्य ऋण परिचालन गरेको छ।

४५. २०७९ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी वाह्य ऋण रु.१०२७ अर्ब ३० करोड र आन्तरिक ऋण रु.९८४ अर्ब २८ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु.२०११ अर्ब ५८ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल सरकारी ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४१.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४०.६ प्रतिशत रहेको थियो (तालिका ३)।

**तालिका ३: सरकारी ऋणको स्थिति**

| शीर्षक | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादन सँगको अनुपात | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| वाह्य ऋण | ८१३.९७ | ९३४.१५ | १०२७.३० | २०.९ | २१.८ | २१.२ |
| आन्तरिक ऋण | ६१३.२१ | ८००.३२ | ९८४.२८ | १५.८ | १८.७ | २०.३ |
| कुल ऋण | १४२७.१८ | १७३४.४७ | २०११.५८ | ३६.७ | ४०.६ | ४१.५ |

### नगद मौज्दात

४६. २०७९ असार मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.२२७ अर्ब ६९ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ ।

### प्रदेश सरकार

४७. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु.१८५ अर्ब ६३ करोड रहेको छ । समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.२०१ अर्ब २० करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.१५३ अर्ब २४ करोड हस्तान्तरण गरेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.४७ अर्ब ९६ करोड परिचालन गरेका छन् ।

## मौद्रिक स्थिति


### मुद्राप्रदाय

४८. आर्थिक वर्ष २०७८/७९ मा विस्तृत मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २१.८ प्रतिशतले बढेको थियो ।

४९. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२५५ अर्ब २६ करोड (१९.१ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रु.१ अर्ब २३ करोड (०.१ प्रतिशत) ले बढेको थियो ।

५०. समीक्षा वर्षमा सञ्चित मुद्राप्रदाय ११.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय ५.२ प्रतिशतले बढेको थियो ।

चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (असार)
(वार्षिक विन्दुगत)




### कुल आन्तरिक कर्जा

५१. आर्थिक वर्ष २०७८/७९ मा कुल आन्तरिक कर्जा १४.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा २७.१ प्रतिशतले बढेको थियो ।

५२. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १३.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो दावी २६.३ प्रतिशतले बढेको थियो ।

### निक्षेप परिचालन

५३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप २१.४ प्रतिशतले बढेको थियो ।

५४. २०७९ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.९ प्रतिशत, २७.६ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः १०.४ प्रतिशत, ३४.२ प्रतिशत र ४७ प्रतिशत रहेको थियो ।

**तलिका ५: बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | |
|---|---|---|---|---|---|
| | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
| चल्ती | ९.३ | ९.७ | १०.० | १०.४ | ८.९ |
| बचत | ३४.५ | ३२.८ | ३१.९ | ३४.२ | २७.६ |
| मुद्दती | ४४.८ | ४६.३ | ४८.६ | ४७.० | ५५.८ |
| अन्य | ११.३ | ११.२ | ९.५ | ८.४ | ७.७ |


५५. २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३८.३ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा यस्तो निक्षेपको अंश ४२.७ प्रतिशत रहेको थियो ।

### कर्जा प्रवाह

५६. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २७.३ प्रतिशतले बढेको थियो ।

५७. २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.३ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ६३.६ प्रतिशत र ३६.४ प्रतिशत रहेको थियो ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (असार)**
**(वार्षिक विन्दुगत)**




५८. समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १२.७ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १३.९ प्रतिशतले र वित्त कम्पनीहरुको २९.८ प्रतिशतले बढेको छ ।

५९. २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६६.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७८ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.१ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

६०. आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा १९.७ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.७ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १३.३ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ८.७ प्रतिशतले बढेको छ ।

६१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २८.४ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १३.३ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १५.२ प्रतिशतले र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १७.५ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ६१.९ प्रतिशतले, मार्जिन प्रकृति कर्जा २४.३ प्रतिशतले र हायर पर्चेज कर्जा २.२ प्रतिशतले घटेको छ ।

### तरलता व्यवस्थापन

६२. समीक्षा वर्षमा रिभर्स रिपोमार्फत रु.२८ अर्ब ३५ करोड र निक्षेप संकलन बोलकबोलमार्फत रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल रु.३०३ अर्ब २९ करोड तरलता प्रशोचन भएको थियो ।

६३. आर्थिक वर्ष २०७८/७९ मा रिपोमार्फत रु.४७६ अर्ब ३९ करोड, सोझै खरिदमार्फत रु.५५ अर्ब ९२ करोड र स्थायी तरलता सुविधामार्फत रु.९१७० अर्ब ११ करोडगरी कुल रु.९७०२ अर्ब ४१ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्ष कुल रु.४३८ अर्ब २८ करोड तरलता प्रवाह भएको थियो ।

६४. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब ९१ करोड खूद खरिद गरी रु.३५५ अर्ब ५७ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब ६० करोड खरिद गरी रु.४२५ अर्ब ९४ करोड तरलता प्रवाह गरिएको थियो ।

६५. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब ९२ करोड बिक्री गरी रु.५९५ अर्ब २३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब ५४ करोड लगायत अन्य विदेशी मुद्रा विक्री गरी रु.५३५ अर्ब २३ करोड बराबरको भारतीय रुपैँया खरिद भएको थियो ।

### पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

६६. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७९ असार मसान्तमा रु.१११ अर्ब ९६ करोड लगानीमा रहेको छ ।

६७. आर्थिक वर्ष २०७८/७९ मा १ लाख ४७ हजार ३९३ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२१३ अर्ब ८९ करोड कर्जा बक्यौता रहेको छ। यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ५४५ ऋणीलाई प्रवाह भएको रु.१३९ अर्ब २३ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८४ हजार १ महिला उद्यमीलाई प्रवाह भएको रु.७१ अर्ब कर्जा रहेको छ। सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ८४७ ऋणीको रु.३ अर्ब ६६ करोड कर्जा बक्यौता रहेको छ।

**तालिका ६: पुनरकर्जा कार्यविधि,२०७७ अनुसार स्वीकृत पुनरकर्जा विवरण (रु.करोडमा)**

| पुनरकर्जाको प्रकार | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|
| | ऋणी संख्या | कर्जा | ऋणी संख्या | कर्जा |
| साधारण | ११२९६ | ९८७५.० | १३११२ | ९०२६ |
| विशेष | २०४० | १४६२.० | १७०७ | १२२९ |
| लघु, घरेलु तथा साना उद्यम | ३५५५४ | ३५३८.० | ९४८६ | १३१५ |
| **कुल** | **४८८९०** | **१४८७५.०** | **२४३०५** | **११५७०** |

६८. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७९ असार मसान्तसम्ममा रु.९७ करोड ४० लाख स्वीकृत भएको छ।

## अन्तर-बैंक कारोबार

६९. आर्थिक वर्ष २०७८/७९ मा वाणिज्य बैंकहरुको रु.२७८४ अर्ब १० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.३१६ अर्ब २५ करोड गरी कुल रु.३१०० अर्ब ३५ करोडको अन्तर-बैंक कारोबार भएको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरुको रु.१७८२ अर्ब ९६ करोड र अन्य वित्तीय संस्थाहरुको रु.२१३ अर्ब ६२ करोड गरी कुल रु.१९९६ अर्ब ५८ करोड अन्तर बैंक कारोबार भएको थियो।

## ब्याजदर

७०. २०७८ असारमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेकोमा २०७९ असारमा १०.६६ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ असारमा ४.१२ प्रतिशत रहेकोमा २०७९ असारमा ६.९९ प्रतिशत रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ असारमा ७.०१ प्रतिशत रहेको छ।

**तालिका ७: भारित औसत ब्याजदर स्थिति (प्रतिशत)**

| शीर्षक | २०७८ असार | २०७९ असार |
|---|---|---|
| ९१- दिने ट्रेजरी बिल | ४.५५ | १०.६६ |
| अन्तर बैंक ब्याजदर | ४.१२ | ६.९९ |
| आधार दर | ६.८६ | ९.५४ |
| निक्षेपको ब्याजदर | ४.६५ | ७.४१ |
| कर्जाको ब्याजदर | ८.४३ | ११.६२ |

७१. वाणिज्य बैंकहरुको औसत आधार दर २०७८ असारमा ६.८६ प्रतिशत रहेकोमा २०७९ असारमा ९.५४ प्रतिशत कायम भएको छ। २०७९ असारमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.४१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.६२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्ता दरहरु क्रमश: ४.६५ प्रतिशत र ८.४३ प्रतिशत रहेका थिए।

## मर्जर/प्राप्ति

७२. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७९ असार मसान्तसम्म कुल २४५ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये १७८ संस्थाहरुको इजाजत खारेज हुन गई ६७ संस्था कायम भएका छन्।

## वित्तीय पहुँच

७३. कुल ७५३ स्थानीय तहमध्ये २०७९ असारसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन्। २०७८ असारसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए।

७४. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७९ असार मसान्तमा १२६ रहेको छ। यस मध्ये २६ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६५ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असार मसान्तमा १०,६८३ रहेकोमा २०७९ असार मसान्तमा ११,५२८ पुगेको छ (तालिका ८) ।

| तालिका ८: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त |
| वाणिज्य बैंक | २७ | २७ | २६ | ४४३६ | ४७५३ | ५००९ |
| विकास बैंक | २० | १८ | १७ | १०२९ | १०२३ | १११८ |
| वित्त कम्पनी | २२ | १७ | १७ | २४३ | २२२ | २६७ |
| लघुवित्त वित्तीय संस्था | ८५ | ७० | ६५ | ४०५७ | ४६८५ | ५१३४ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | |
| **जम्मा** | **१५५** | **१३३** | **१२६** | **९७६५** | **१०६८३** | **११५२८** |

*यस सम्बन्धीविस्तृत विवरण http://emap.nrb.org.np/ माउपलब्ध छ।

### निक्षेप तथा कर्जा सुरक्षण

७५. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७९ असार मसान्तमा ६२ बैंक तथा वित्तीय संस्थाहरुमा ३ करोड ६१ लाख ४३ हजार खातामा प्राकृतिक व्यक्तिका नाममा रहेको बचत, चल्ती, कल तथा मुद्दती निक्षेप रकम रु.८७९ अर्ब २२ करोड निक्षेप सुरक्षण गरेको छ। २०७८ असार मसान्तमा २ करोड ९६ लाख ३९ हजार खातामा रहेको रु.८११ अर्ब ३१ करोड निक्षेप सुरक्षण गरिएको थियो ।

७६. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको रु.२६४ अर्ब ७ करोड बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा सुरक्षण गरेको छ। २०७८ असार मसान्तमा रु.२१० अर्ब ३३ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।

### विद्युतीय भुक्तानी कारोबार

७७. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण आर्थिक वर्ष २०७८/७९ मा विद्युतीय भुक्तानी कारोबार उल्लेख्य वढेको छ ।

## पुँजी बजार

७८. २०७८ असार मसान्तमा २८८३.४ रहेको नेप्से सूचकाङ्क २०७९ असार मसान्तमा २००९.५ कायम भएको छ ।


७९. २०७९ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२८६९ अर्ब ३४ करोड कायम भएको छ । २०७८ असार मसान्तमा बजार पुँजीकरण रु.४०१० अर्ब ९६ करोड रहेको थियो ।

८०. २०७९ असारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३४ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ५१ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ५ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७८ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१९ रहेको थियो ।

८१. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६७.३ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ११ प्रतिशत, लगानी कम्पनीको ६.९ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.३ प्रतिशत, होटेलको हिस्सा १.६ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.५ प्रतिशत रहेको छ ।

८२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९ असारसम्ममा सूचीकृत ६ अर्ब ७७ करोड शेयरको चुक्ता मूल्य रु. ६६७ अर्ब ७५ करोड रहेको छ ।

८३. आर्थिक वर्ष २०७८/७९ मा रु.८९ अर्ब ५० करोड बराबरको विकास ऋणपत्र, रु.५५ अर्ब ८९ करोड बराबरको बोनस शेयर, रु.५३ अर्ब २२ करोड बराबरको डिबेन्चर, रु.२३ अर्ब २८ करोड बराबरको साधारण शेयर, रु.११ अर्ब ९७ करोड बराबरको हकप्रद शेयर र रु.३ अर्ब ७५ करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु.२३७ अर्ब ६१ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।



चार्ट ६: नेप्से सूचकाङ्क

८४. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.१२ अर्ब ४८ करोड बराबरको डिबेन्चर, रु.७ अर्ब २० करोड बराबरको साधारण शेयर, रु.६ अर्ब ९० करोड बराबरको म्युचुअल फण्ड र रु.४ अर्ब ७९ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.३१ अर्ब ३७ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।